जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

## इन्सेकको २८ औं साधारण सभा

२०८१ असोज १५ गते

साधारण सभाबाट पारित समसामयिक विषयको प्रस्ताव

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को २८ औं साधारणसभा २०८१ असोज १५ गते काठमाडौँमा सम्पन्न भयो। साधारण सभाले समसामयिक विषयमा आफ्नो धारणा सार्वजनिक गर्दै विभिन्न प्रस्ताव पारित गरेको छ।

१. गत असोज ११, १२ र १३ गतेको अविरल वर्षापछि आएको बाढी पहिरोका कारण देशका विभिन्न भागमा भएको मानवीय तथा भौतिक क्षतिका घटनाप्रति यो साधारण सभा दुःख व्यक्त गर्दछ। विपत्मा परेका नागरिकको उद्धार तथा पुर्नस्थापनाका लागि क्रियाशील हुन तथा भविष्यमा हुनसक्ने यस्ता विपत्को पूर्वतयारीको आवश्यक प्रबन्ध गर्न नेपाल सरकारसँग माग गर्दछ। जलवायु परिवर्तन, वातावरणीय समस्याका कारण हुने क्षति विरुद्ध रणनीति बनाउन सभा माग गर्दछ।

२. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक २०८१ साउन ३० गते प्रतिनिधि सभा, भदौ ६ गते राष्ट्रिय सभा र भदौ १३ गते राष्ट्रपतिबाट प्रमाणिकरण भएसँगै १८ वर्ष अघिदेखि अवरुद्ध सङ्क्रमणकालीन न्यायको विषय अगाडि बढ्ने अपेक्षा यो साधारणसभा राख्दछ। यससँगै आयोगको पदाधिकारी नियुक्ति प्रकृयालाई पारदर्शी बनाउन, द्वन्द्वपीडितको राहत, पुर्नस्थापना र परिपूरणका विषयमा आवश्यक पहलकदमी लिन सभा माग गर्दछ। यसै सन्दर्भमा संक्रमणकालीन न्यायिक प्रकृयाको अनुगमन तथा निगरानीका लागि इन्सेकमा रहने सचिवालयले नागरिक समाजका तर्फबाट अनुगमन कार्य गर्ने सभाले निर्णय गरेको छ।

३. लोकतन्त्र नागरिक संवादको जगमा टिकेको हुन्छ। नागरिक संवादका मुख्य आधार नागरिक संस्था हुन्। नेपालका नागरिक संस्था तथा तिनका गतिविधिलाई खुम्च्याउने प्रवृत्ति बढेर आएकोप्रति साधारणसभा गम्भीर सरोकार व्यक्त गर्दछ। नागरिक समाज र नागरिक संस्थाको गतिविधि कमजोर हुँदा लोकतन्त्रलाई संस्थागत बनाउन कठिनाइ हुने कुरामा साधारण सभा चिन्ता व्यक्त गर्दछ।

४. उपभोक्ताको अधिकार उपर अतिक्रमण हुने कार्यलाई नियन्त्रण गर्नु जरूरी छ। व्याप्त महँगी, कालोबजारी अन्त्य गर्न सभा माग गर्दछ। अनियन्त्रित बजार प्रणालीले समग्र जीवनचक्र प्रभावित हुने भएकाले यो साधारण सभा नागरिक र राज्य दुवै तहबाट आवश्यक कृयाशीलताका लागि आह्वान गर्दछ।

५.इजरायलले प्यालेष्टाइन तथा लेबनानमा गरेको नरसंहार विशेषत महिला, बालबालिका तथा अस्पताल लक्षित आक्रमणको सभा विरोध गर्दछ। लामो समयदेखि जारी रुस युक्रेन युद्धका कारण विश्वभर सिर्जित क्षति रोक्न आवश्यक पहलकदमी लिन यो साधारण सभा विश्व समुदायको ध्यानाकर्षण गर्दछ।

डा. कुन्दन अर्याल
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org